www.halesitimes.com

विकासको आधार,
समाजको पहरेदार...

राष्ट्रिय दैनिक

# हलेसी टाईम्स

Halesi Times National Daily

वर्ष-१०, अंक-८१, पूर्णाङ्क-८६१, ०८३ जेष्ठ ८ गते 22 May 2026 जि.प्रशासन का. खोटाङ द.नं. १७/०७१/०७२ रु. १०/-




# ढोलभ्याम्टाको ताल र साकेला गीतले गुञ्जयमान बन्यो गाउँबस्ती

*हलेसी टाईम्स सम्वाददाता*

*खोटाङ, ७ जेष्ठ-*

किरात समुदायको महान् चाड 'साकेला उँभौली' यही वैशाख-१८ गतेदेखि देश तथा विदेशमा एकैसाथ औपचारिकरूपमा सुरु भएको छ। माझकिरात भनेर चिनिने खोटाङका किरात समुदायले वैशाखे पूर्णिमादेखि महिना दिनसम्म साकेला उँभौली चाड हर्षोउल्लासका साथ मनाउने गर्छन् ।



साकेला उँभौली चाडको अवसर पारेर किरात समुदायले आफ्नो समुदायको ऐतिहासिकतासँग जोडिएका ठाउँ तथा पर्यटकीयस्थलमा पूजाआजासहित साकेला सिली प्रदर्शन गर्दै। गत वैशाख १८ गतेदेखि सुरु भएको साकेला चाड एक महिना सम्म मनाउने गरिन्छ। *तस्बिर : हलेसी टाईम्स दैनिक*

साकेला उँभौली चाडको अवसर पारेर किरात समुदायले आफ्नो समुदायको ऐतिहासिकतासँग जोडिएका ठाउँ तथा पर्यटकीयस्थलमा पूजाआजासहित साकेला सिली प्रदर्शन गरिरहेका छन् । किरात समुदायको उद्गमस्थल मानिने हलेसी तुवाचुङ नगरपालिकाको तुवाचुङ-जायाजुङका साथै दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको मझुवागढी, रुपाकोटगढी, पञ्चदोबाटो र मेरुङ, जन्तेढुङ्गाको गाउँपालिकाको जन्तेढुङ्गा र छोङ्खा, खोटेहाङ गाउँपालिकाको कपासेभञ्ज्याङ, रोक्सिमभञ्ज्याङलगायत साकेला थानहरूमा पूजाआजासँगै बृहत् साकेल सिली प्रदर्शन गर्ने चलन छ।

साकेला उँभौली चाडको पहिलो दिन जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेलबजार नजिकै रहेको किरात ऐतिहासिकस्थल मझुवागढी तथा बुइपास्थित यलम्बर पार्क (उद्यान)मा बृहत् साकेला सिली प्रदर्शन कार्यक्रम अयोजना गरिएको थियो । बुइपास्थित पञ्चदोबाटोमा स्थापना गरिएको प्रथम किराती राजा यलम्बरको ११० फिट अग्लो शालिकसहितको पार्कमा पहिलो पटक साकेला सिली प्रदर्शन गरिएको हो ।

किरात ऐतिहासिकस्थल पञ्चदोबाटोमा निर्माण गरिएको यलम्बर पार्कमा आयोजना गरिएको साकेला सिली प्रदर्शनीमा गैरकिरात समुदायका युवायुवतीको समेत उल्लेख्य सहभागिता रहेको थियो। श्रम संस्कृति पार्टीका केन्द्रीय अध्यक्ष एवम् प्रतिनिधिसभा सदस्य हर्कराज राई झहर्क साम्पाङ'को प्रमुख आतिथ्यतामा भएको साकेला सिली प्रदर्शनीमा हजारौँको सहभागिता रहेको थियो।

किरात समुदायले वर्षको दुईपटक मनाउने साकेला चाड अन्तरगत उँभौलीमा 'अन्नबाली सप्रियोस्, रोगव्याधी नलागोस् र प्राकृतिक विपत्ति नआओस्' भन्ने कामनाका साथ प्रकृतिको पूजा गर्ने चलन छ। भूमि तथा तीन चुल्हाको पूजामा कुखुराको भाले, चोखो जाँड, रक्सी, अदुवा, पहेँलो रङले रङ्ग्याएको चामल प्रयोग गरिन्छ।

उँभौली र उँधौलीमा किरात राईहरूका प्रत्येक घरमा तीन चुल्हा पुज्नुका साथै साकेला थानमा भूमिको पूजाआजा गरेपछि साकेला गीतको भाका तथा ढोल र झ्याम्टाको तालमा सिली टिप्दै गोलो घेरा हालेर साकेला नाच्ने गरिन्छ। उँभौलीको अवसर पारेर आयोजना गरिने साकेला सिली प्रदर्शनीका कारण जिल्लाका किरात गाउँबस्तीहरु अहिले ढोलझ्याम्टा र साकेला गीतले गुञ्जयमान बनेको छ।

छितको गुन्यू, मखमलको चोली, पहेँलो पटुकी, दौरासुरुवाल, ढाका टोपीलगायत किराती मौलिक वेशभूषामा सजिएर हरेक किरात राईहरुको घरघरमा नाच्दै तथा साकेला गीत गाउँदै हर्षोल्लासका साथ मनाइने यो चाडमा किरात समुदायमात्र नभई गैरकिरात समुदायका युवायुवतीसमेत सहभागी भएर साकेला सिली नाच्ने गरेका छन् । चराचुरुङ्गी तथा जीवजन्तुको नक्कल गर्दै ढोलरझ्याम्टाको तालमा सुम्निमा र पारुहाङ (किराती पुर्खाहरू)ले सम्पूर्ण सृष्टिजगत्को रक्षा गरून् भन्ने कामनाका साथ साकेला चाड मनाउने गरिएको जनाइएको छ।

उँभौली र उँधौलीको अवसरमा किरात समुदायले मात्र नभई सबै जातजाति तथा धर्मका समुदायले समेत साकेला सिली नाच्ने भएकाले जातीय सहिष्णुता, एकता र भाइचाराको विकास गर्ने एउटा समृद्ध संस्कृतिका रूपमा विकास भएको किरात राई यायोक्खा खोटाङका जिल्ला अध्यक्ष युगशन किरातले बताउनुभएको छ। "साकेला चाडमा विशेषगरी प्रकृति र पितृको पूजा गर्दै आपसमा शुभकामना आदानप्रदान गर्ने गरिन्छ। यो चाडलाई किरात समुदायले विशेष चाडको रुपमा मनाउने गरिन्छ", उहाँले भन्नुभयो, "साकेला चाडले जातीय, धार्मिक तथा सांस्कृतिक सद्भाव, आपसी मेलमिलाप कायम गर्दै द्वन्द्वलाई निरुत्साहित गर्न भूमिका खेल्ने गरेको छ। पछिल्लो समय

- बाँकी पेज नं. ३ मा

पर्यटकीय, ऐतिहाँसिक, साँस्कृतिक, प्राकृतिक त्रि-धार्मिकस्थल हलेसी मन्दिर जाऔं, आन्तरिक तथा वाह्य धार्मिक पर्यटनको विकास गरौं।



☐ बिमला राई (मेयर)
☐ वसन्त गिरी (प्रमुख प्रशासकीय अधिकृत)
हलेसी तुवाचुङ नगरपालिका खोटाङ

# फेदीमा 'हनी हन्टिङ' महोत्सव

*हलेसी टाईम्स सम्वाददाता*

*खोटाङ, ७ जेष्ठ-*

केपिलासगढी गाउँपालिकाले आगामी जेठ पहिलो साता भीर मौरीको 'हनी हन्टिङ' मह सिकार महोत्सव आयोजना गर्ने भएको छ । लोपोन्मुख अवस्थामा पुगेका भीर मौरीलाई संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्न कोशी प्रदेश सरकार, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँगको समन्वयमा गाउँपालिकाले आगामी जेठ-८ गते फेदीमा हनी हन्टिङ महोत्सव आयोजना गर्ने भएको हो ।

नेपाल सरकारले निर्धारण गरेको १०० वटा पर्यटकीय गन्तव्यमा पर्ने 'मुन्दुम ट्रेल'सँग जोडिएको फेदीमा आयोजित 'हनी हन्टिङ' महोत्सवले भीर मौरीलाई संरक्षण तथा पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग पुग्ने अपेक्षा गरिएको गाउँपालिका प्रमुख समीर राईले जानकारी दिनुभएको छ । "हाम्रो गाउँपालिकाको धेरै भीरहरुमा भीर मौरी पाइन्छ । लोपोन्मुख अवस्थामा रहेको भीर मौरीलाई संरक्षण गर्दै पर्यटनसँग जोड्न यस वर्ष प्रदेश सरकारसँगको समन्वयमा 'हनी हन्टिङ' महोत्सव आयोजना गरिएको छ", उहाँले भन्नुभयो, "महोत्सवमा स्थानीय समुदायले उपभोग गर्दै आएका रैथाने खाना प्रयोग गरिन्छ। फेदीको तेरावा क्षेत्रमा आयोजना गरिएको महोत्सवमा जैविक विविधतासँग सम्बन्धित विभिन्न क्षेत्रका व्यक्तित्वका साथै आन्तरिक तथा पर्यटकको सहभागिता रहनेछ।"

जिल्लाको उत्तरी क्षेत्रका पर्ने उक्त केपिलासगढी गाउँपालिकाको वडा नं. १ फेदीका सामुदायिक वन क्षेत्रमा रहेको दर्जनबढी भीरहरूमा वर्षौँदेखि भीर मौरी बस्ने गरेको पाइएको छ। स्थानीय फुङ्गालुङ सामुदायिक वनको रिप्दौलाको कुहिरे छाँगाभीर, चिलिम लाहुरे सामुदायिक वनको माखाम्लास्थित महभीर झरना, तेरावास्थित तेरावाभीर लगायतका भीरहरुमा वर्षौं अघिदेखि भीर मौरी बस्दै आएको तेरावाका स्थानीयवासी एवम् नेपाली कम्युनिष्ट पार्टी (नेकपा) केपिलासगढी गाउँपालिका कार्यसमितिका सचिव लक्ष्मण साम्पाङ 'समीप'ले जानकारी दिनुभएको छ।

फेदीका स्थानीय बासिन्दाले उँभौलीको समयमा जेठ-असार तथा उँधौलीको समयमा कातिक-मङ्सिर महिनागरी वर्षमा दुईचोटि भीर मौरीको मह सिकार गर्ने गर्दै आएका छन् । एक सिजनमा एउटै भीरबाट कम्तिमा पनि रु पाँच लाखदेखि रु सात लाखसम्मको मह सिकार हुने गरेको स्थानीय मह सिकारीहरुले बताएका छन्।

फेदीमा पुस्तौँदेखि किरात सँस्कारका रुपमा भीर मौरीको मह सिकार गर्दै आइएको स्थानीय मह सिकारी हस्तराम राईले बताउनुभएको छ। "मैले वि.सं. २०३५ सालदेखि यो पेसा सुरु गरेको हुँ। अहिले युवा पुस्ता यसमा आकर्षित भएका छन्", उहाँले भन्नुभयो, "उनीहरुलाई हामीले नै सिकार्यौं । युवा पुस्ता पेसेवर बन्दा आफूहरुलाई खुसी लागेको छ।"

मालिङ्गाको चोया प्रयोग गरेर बाटिएको डोरीबाट बनेको पञ्याङ, गादा (सेफ्टी), सुता, छपनी र डालो, मालिङ्गोकै दाबिलो, तसुरो, लगायतका सामग्रीको सहयोगमा परम्परागतरुपमा भीर मौरीको मह सिकार गरिन्छ ।



## मनास्लु डेस्कटप तथा डिजिटल फोटो स्टुडियो

हाम्रा सेवाहरू :
- पासफोटो/एमआरपी फोटो तथा अर्जेन्ट फोटो भरपर्दो रुपमा खिच्नु परेमा।
- राहदानी (एमआरपी) को फारम भर्नु परेमा। - कम्प्युटर सम्वन्धि अन्य काम गर्नु परेमा।
- फोटोकपी/विभिन्न प्रकारका प्रमाणपत्र/टाईपिङ/डिजाईन गर्नु परेमा।

दिक्तेलबजार-२, भवनगैरा, RCC Bulding को भुईतल्ला

एक पल्ट अवश्य पाल्नुहोला

प्रोपाईटर : सम्झना राई (९८४२९७४१११)




दैनिक पत्रिका
हलेसी टाइम्स
Halesi Times Daily Paper

# सार्वजनिक जग्गा: संरक्षणमा अब कठोर कदम आवश्यक

*नेपाल सरकारले अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको विवरण तीन दिनभित्र पेश गर्न जिल्लाका स्थानीय तहहरूलाई गरेको पत्राचार स्वागतयोग्य र समयानुकूल कदम हो। सार्वजनिक सम्पत्तिको संरक्षण राज्यको आधारभूत दायित्वभित्र पर्ने विषय हो, तर पछिल्लो समय सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमणका घटनाहरू बढ्दै जानुले राज्य संयन्त्रको प्रभावकारितामाथि नै प्रश्न उठाउन थालेको छ। सार्वजनिक जग्गा कुनै व्यक्ति वा समूहको निजी सम्पत्ति होइन; यो सम्पूर्ण नागरिकको साझा सम्पत्ति हो। विद्यालय, स्वास्थ्य संस्था, सडक, खेलमैदान, धार्मिक तथा सांस्कृतिक क्षेत्रदेखि भविष्यका विकास आयोजनासम्मका लागि यस्ता जग्गाहरू अत्यन्त महत्वपूर्ण हुन्छन्। तर, विभिन्न बहानामा सार्वजनिक जग्गा व्यक्तिको स्वार्थका लागि कब्जा गरिने प्रवृत्ति बढ्नु गम्भीर चिन्ताको विषय बनेको छ। ले दशवटै स्थानीय तहलाई अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको अद्यावधिक विवरण उपलब्ध गराउन निर्देशन दिनु केवल तथ्यांक सङ्कलनको प्रक्रिया मात्र होइन, सार्वजनिक सम्पत्तिको संरक्षणतर्फको प्रारम्भिक कदम हो। अझ, अतिक्रमण हटाउने योजनासमेत संलग्न गर्न आग्रह गरिनुले प्रशासन अब समस्या पहिचानमै सीमित नरही समाधानतर्फ अघि बढ्न खोजेको संकेत गर्दछ। तर, यस्ता पत्राचारहरू कागजी प्रक्रियामै सीमित हुने खतरा पनि उत्तिकै रहुन्छ। विगतमा पनि विभिन्न निकायबाट सार्वजनिक जग्गा संरक्षणका नाममा निर्देशन र निर्णयहरू भएका थिए, तर कार्यान्वयन पक्ष कमजोर हुँदा समस्या जस्ताको तस्तै रह्यो। त्यसैले अहिलेको पहलको वास्तविक मूल्याङ्कन कार्यान्वयनबाट मात्र हुनेछ। स्थानीय तहहरूको भूमिका यहाँ अत्यन्त महत्वपूर्ण छ। सार्वजनिक जग्गाको वास्तविक अवस्था सबैभन्दा राम्रोसँग स्थानीय तहले नै बुझ्न सक्छन्। त्यसैले अतिक्रमित जग्गाको सही विवरण सङ्कलन, नक्साङ्कन, अभिलेखीकरण र संरक्षण योजना निर्माणमा स्थानीय सरकार गम्भीर हुनुपर्छ। यदि स्थानीय तह नै उदासीन भए भने सार्वजनिक सम्पत्तिको संरक्षण सम्भव हुँदैन। यससँगै, राजनीतिक दबाब, पहुँच र प्रभावका आधारमा सार्वजनिक जग्गा कब्जा गर्ने प्रवृत्तिमाथि पनि कठोर नियन्त्रण आवश्यक छ। कतिपय अवस्थामा शक्तिशाली व्यक्ति वा समूहकै संरक्षणमा सार्वजनिक जग्गा अतिक्रमण हुने गरेको आरोप सुनिँदै आएको छ। कानून सबैका लागि समान रूपमा लागू हुन सकेन भने यस्ता अभियानप्रति जनविश्वास कमजोर बन्नेछ। अर्कोतर्फ, नागरिक स्वयं पनि सचेत हुन आवश्यक छ। सार्वजनिक सम्पत्तिको संरक्षण केवल सरकारको जिम्मेवारी मात्र होइन, सामूहिक दायित्व पनि हो। स्थानीय समुदायले अतिक्रमणविरुद्ध आवाज उठाउने, संरक्षणमा सहकार्य गर्ने तथा सार्वजनिक सम्पत्तिप्रति अपनत्वको भावना विकास गर्नुपर्ने देखिन्छ। सरकारी तथा सार्वजनिक जग्गा संरक्षणको विषय विकाससँग प्रत्यक्ष रूपमा जोडिएको छ। आज जोगाइएन भने भविष्यमा विद्यालय, स्वास्थ्य संस्था, सडक विस्तार वा अन्य सार्वजनिक संरचना निर्माणका लागि आवश्यक जग्गा अभाव हुन सक्छ। त्यसैले अहिलेको पहललाई सामान्य प्रशासनिक प्रक्रिया ठान्नु हुँदैन; यो भविष्य सुरक्षित गर्ने अभियान पनि हो। समग्रमा,को पछिल्लो कदम सकारात्मक सुरुवात हो। तर, यसको सफलता कागजमा विवरण संकलन हुनुमा होइन, अतिक्रमण हटाएर सार्वजनिक सम्पत्तिको वास्तविक संरक्षण गर्न सक्नुमा निर्भर रहनेछ। अन्ततः, सार्वजनिक जग्गा संरक्षण राज्यको अधिकार मात्र होइन, दायित्व पनि हो। त्यसैले अब ढिलासुस्ती होइन, प्रभावकारी कार्यान्वयन र कठोर कदम आवश्यक छ।*

पर्यटकीय, ऐतिहाँसिक, साँस्कृतिक, प्राकृतिक त्रि-धार्मिकस्थल हलेसी मन्दिर जाऔं, आन्तरिक तथा वाह्य धार्मिक पर्यटनको विकास गरौं।



**हलेसी महादेवस्थान विकास समिति**
**हलेसी तुवाचुङ नगरपालिका खोटाङ**

# वाम आन्दोलनको नयाँ पुनर्गठन: इतिहासको समीक्षा र भविष्यको कार्यदिशा



**- चन्द्र खड्का (असल)**

*० नेपालको वाम आन्दोलनले राणा शासनदेखि गणतन्त्र स्थापनासम्म निर्णायक योगदान पुर्याएको छ।*
*०००*
*० तर आज यो आन्दोलन वैचारिक संकट, नेतृत्वको स्वेच्छाचारी संकट, संगठनात्मक अराजकता र जनताको अविश्वासबाट गुज्रिरहेको छ।*
*०००*
*० नयाँ वाम पुनर्गठनका लागि नयाँ विचारको विकास, जनआधारित संगठन, नेपालीपन र समाजवादी कार्यक्रम, सामूहिक नेतृत्व, जनसम्बन्ध, भूराजनीति र विज्ञान प्रविधिको प्रयोग अनिवार्य छ।*

नेपालमा वाम कम्युनिस्टहरू सधैं क्रान्तिका साधन बने। त्याग, बलिदान र समर्पणका कीर्तिमान बने। वाम आन्दोलनले देशको राजनीतिक, सामाजिक र वर्गीय चेतनाको निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको इतिहास हाम्रो सामु ताजै छ।

राणा शासनका विरुद्धको संघर्षदेखि पञ्चायतविरुद्धको आन्दोलन, जनयुद्ध र जनआन्दोलन हुँदै गणतन्त्र स्थापनासम्म निर्णायक योगदान पुर्याएको छ। सामन्तवाद, शोषण, र विभेदका विरुद्ध नेपाली जनतालाई संगठित बनाएर आन्दोलित गर्ने मुख्य भूमिका वाम पार्टीहरूले नै गर्न सकेका हुन्।

यति ठुलो त्याग, तपस्या र बलिदानको कीर्तिमानको ऐतिहासिकता बोकेको वाम आन्दोलन आज गम्भीर वैचारिक संकट, नेतृत्वको स्वेच्छाचारी संकट, संगठनात्मक अराजकता र जनताको अविश्वासबाट गुज्रिरहेको छ। वाम आन्दोलन संकटको नयाँ कोर्समा प्रवेश गरेको कारण वैचारिक, नीति सिद्धान्त, नेतृत्व प्रणाली र संगठनात्मक पुनर्गठन अनिवार्य बन्न पुगेको छ। यो आलेखमा हामी यही विषयमा चर्चा गर्ने छौं।

**वाम आन्दोलनका सकारात्मक योगदान**

नेपालका वामपन्थी शक्तिहरूले जनतालाई राजनीतिक चेतना दिने काम गरे। मजदुर, किसान, उत्पीडित समुदाय, महिला, दलित, जनजाति लगायतका वर्गहरूलाई अधिकारको निम्ति संगठित र आन्दोलित गरे। संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, समावेशी राज्य व्यवस्था, धर्मनिरपेक्षता र गणतन्त्रात्मक संविधान निर्माणमा ऐतिहासिक पहलकदमी लिए। त्यसै गरी शिक्षा, स्वास्थ्य, अधिकार, सामाजिक न्याय र राष्ट्रिय स्वाधीनताका पक्षमा जनतालाई एकताबद्ध गर्दै संघर्षहरू गरे। नेपालका कुनै पनि राजनीतिक परिवर्तन वाम आन्दोलनबिना सम्भव भएको छैन।

**कमजोरी र असफलताको समीक्षा**

वाम आन्दोलनले आफ्नो ऐतिहासिक जिम्मेवारी अनुसार समाजवादी रूपान्तरणको स्पष्ट धारणा निर्माण गर्न सकेन। आन्दोलन केवल सत्ता र शक्ति केन्द्रित बन्दै गयो, कुर्सीमा पुगेपछि जनता बिर्सने गर्दा जनतासँगको सम्बन्ध कमजोर बन्दै गयो। विचारभन्दा गुट, सिद्धान्तभन्दा पद, संगठनभन्दा व्यक्तिगत स्वार्थ हावी हुन थाले। नेतृत्वमा आलोचना सहन नसक्ने सामन्ती प्रवृत्ति बढ्यो। युवापुस्तालाई अवसरहरूबाट वञ्चित गर्दै जाँदा पार्टी र आन्दोलनहरू वृद्ध नेतृत्वको घेरामा मात्र सीमित बन्न पुग्यो। पार्टीहरू वृद्धाश्रम जस्ता भए। जनताको परिवर्तनको आशा बालुवामा पानी खन्याए जस्तो बन्यो। उल्टो भ्रष्टाचार, तस्करी, दलाली, अवसरवाद र कुर्सी मोहले वाम आन्दोलन र पार्टीहरूलाई तहसनहस बनाए।

कम्युनिष्ट नेताहरू र पार्टीभित्र नै वैचारिक स्पष्टता देखिएन। समाजवादको बहसभन्दा चुनावी गणित र शक्ति संघर्ष प्रमुख बन्न पुग्यो। यिनै कारण वाम आन्दोलन विघटन हुँदै हुँदै आज विसर्जनको डिलमा उभिएको छ। केही मान्छे रहनु मात्र पार्टी हुनु होइन, सैद्धान्तिक मान्यता, संगठनात्मक विधि र कमजोर वैचारिकीका कारण दिनानुदिन विघटन भइरहेको वाम आन्दोलनले इमानदार नेता-कार्यकर्ता र कम्युनिष्टप्रेमी जनतामा निराशा पैदा गरेको छ।

**नयाँ पुनर्गठनको रोडम्याप**

१. नयाँ विचारको विकास वाम पुनर्गठनको आधार- नयाँ विचारको निर्माणको अर्थ सिद्धान्त त्याग्नु कदापि होइन, बरु त्यसलाई वस्तुगत धरातलसँग जोड्नु हो। समाजको चरित्र र गतिलाई सही रूपमा पकड्नु हो। आज कम्युनिष्ट आन्दोलन गम्भीर वैचारिक मोडमा उभिएको छ। मूलतः वैचारिक अलमलले कम्युनिष्ट संगठनहरू भताभुङ्ग भएका छन्। यस्तो अवस्थामा केवल पार्टी एकता वा नेतृत्व परिवर्तनले मात्र आन्दोलन पुनर्जीवित नहुन सक्छ, यसको लागि नयाँ विचारको विकास अनिवार्य बन्न जान्छ। रूढिवाद र जड विचारले समाजलाई गति पैदा गर्न सक्दैन। पुराना नाराहरूमा आजको समाज आकर्षित बन्न सकेन भन्नुको अर्थ पुराना विचारहरूलाई पनि समाजले स्वीकार नगरेको हो।

वामपन्थी कम्युनिष्टहरूलाई जोड्न सक्ने विचारको निर्माण पुराना मान्यताहरू नभत्काएसम्म सम्भव छैन। आज कोही अब्बल दर्जाको क्रान्तिकारी कोही दक्षिणपन्थी, यो स्लोगनको अन्त्य भइसकेको छ। हामी कुनै पार्टी वा नेता बनेर होइन, कम्युनिष्ट बनेर सोचौं, समाजवादी बनेर सोचौं। नयाँ अध्ययन अनुसन्धान गरौं, मौलिक नेपाली विचारको निर्माण गरौं। विश्वभर निर्माण भएका मालेमावादी सिद्धान्त होऊन् वा अरू दार्शनिकहरू, सबैको सम्मान गर्दै सकारात्मक कुराहरू ग्रहण गरौं। हामी हाम्रो आफ्नै वैचारिक धरातल खडा गरौं, मात्र वाम कम्युनिस्टहरू नयाँ ठाउँमा आउने आधार बन्न सक्छ।

२. जनआधारित र अनुशासित संगठन- नयाँ वाम संगठन केवल चुनाव केन्द्रित संरचना मात्र होइन, समाज रूपान्तरणको जीवित शक्तिको रूपमा व्यक्त हुनुपर्दछ। संगठन गाउँदेखि सहरसम्म जनताको जीवनसँग जोडिएको हुनुपर्दछ। संगठनभित्रको जनवाद, पारदर्शिता र कार्यसम्पादनलाई बलियो गरी पक्रेको हुनुपर्दछ। गुट, व्यक्तिवाद र दासत्वको अन्त्य गरी नीति विचारको आधारमा संगठनहरू व्यक्त हुनुपर्दछ। युवापुस्ता, श्रमिक, किसान, विद्यार्थी र बुद्धिजीवीहरूलाई क्षमता, योग्यता र योगदानको आधारमा नेतृत्व विकास गर्ने कुरामा स्पष्ट प्रणाली निर्माण गरिनुपर्दछ। विज्ञान र प्रविधिको विकास अनुरूप आधुनिक संगठनात्मक परिचालन शैली अपनाउन आवश्यक छ।

३. नेपालीपन र समाजवादी कार्यक्रम- पुराना भद्दा अरू देशका नक्कल होइन, नेपाली समाजको यथार्थता बोकेको विचार निर्माण गर्न जरुरी छ। समाजवाद र क्रान्ति केवल कार्यकर्ता र जनतालाई भुक्याउन अलमल्याउन नाराको रूपमा व्यक्त गर्ने होइन, जनताको दैनिक जीवनमा व्यक्त हुने आर्थिक र सामाजिक कार्यक्रम बनाउनु पर्दछ। रोजगारी, शिक्षा, कृषिको आधुनिकीकरण, स्वास्थ्य प्रविधि र राष्ट्रिय अर्थतन्त्रको विकासलाई केन्द्रमा राखेर नयाँ आर्थिक दृष्टिकोण निर्माण गर्न जरुरी छ।

विचारमा रूढिवाद र जडता होइन, आजको समाजको चरित्र अनुरूपको व्यावहारिक, विकसित र वैज्ञानिक विचारको निर्माण गर्न जरुरी बन्न गएको छ। मार्क्सवादको मूल मर्म वर्गीय मुक्ति र समानताको कुरा हो, यसलाई पनि आजको समाजको विकास र आवश्यकता अनुरूप विकास र व्याख्या गर्न जरुरी बनेको छ।

४. सामूहिक नेतृत्व प्रणाली- नेतृत्व आन्दोलनको दिशा निर्धारण गर्ने शक्ति हो तर हाम्रा अभ्यासहरू व्यक्ति केन्द्रित भएका छन्। एउटै व्यक्तिको वरिपरि पार्टी घुम्ने तरिकाले संस्थागत नेतृत्व प्रणाली रोकिएको छ। नेताले पढेका, भनेका, जानेका र सुनेका कुराहरू अरू कार्यकर्ता जति योग्य, सक्षम भए पनि नेताकै कुरा सही मान्नुपर्ने बाध्यता हाम्रो नियति बनेको छ। अब सामूहिक नेतृत्व प्रणाली, उचित जिम्मेवारीको बाँडफाँड र आवधिक कार्यकालको निर्माण गर्न जरुरी बनेको छ। मृत्युसम्म पनि आफैँले नेतृत्व गरिरहने, हस्तान्तरण र पुस्तान्तरणको कुरा उठ्दा पार्टीहरू विभाजन गर्न तयार हुने तर नेतृत्व त्याग्न तयार नहुने प्रवृत्ति नेपालका पार्टीहरूको वास्तविक नियति हो। यसलाई बदल्न अनिवार्य छ। नेता शासक होइन, सेवक हो। जनताको सेवा गर्नु उसको धर्म हो भन्ने संस्कृतिको स्थापना गर्न जरुरी छ। आदर्श, नैतिकता र जनउत्तरदायित्व नेतृत्वका मापदण्ड बनाउन जरुरी छ।

५. आन्दोलनको मुख्य आधार जनसम्बन्ध- जनताको समर्थनबिनाको आन्दोलन धेरै दिन टिक्न सक्दैन। आज धेरै पार्टीहरू चुनावमा मात्र जनता सम्झने अवस्थामा छन्। जनतालाई भोट बैंक बनाउने र नेताले आफ्नो दुनो सोझ्याउने स्थितिको अन्त्य गरिदिनु पर्दछ। यो अवस्थाले नेपालका वाम पार्टीहरू यो संकटमा पुगेका हुन्। जनताको दैनिक जीवन, बेरोजगारी, महँगी, शिक्षा, स्वास्थ्य, कृषि, वैदेशिक पलायन, श्रम शोषण जस्ता प्रश्नहरूसँग पार्टी र नेता अनिवार्य जोडिनु पर्दछ। जनताको बीचमा राजनीतिक शिक्षा, सामाजिक सेवा र अधिकारको संघर्षको संस्कृति निर्माण गर्नु पर्दछ। प्रचारको निम्ति मात्र होइन, वास्तविक जीवनमा उपस्थित हुने आन्दोलनको उठान जरुरी भएको छ।

६. भूराजनीति र अन्तर्राष्ट्रिय सम्बन्ध- नेपाल दुई ठुला शक्ति चीन र भारतको बीचमा रहेको संवेदनशील देश हो। चीन विश्वशक्तिको प्रतिस्पर्धामा छ भने भारत पनि आर्थिक र प्रविधिमा सन्तुलित विकासको अवस्थामा छ। त्यसैले नेपालको वाम आन्दोलनले राष्ट्रिय स्वाधीनता, सन्तुलित कूटनीति र राष्ट्रिय हितलाई प्रमुख विषय बनाउन जरुरी हुन्छ। कुनै पनि वैदेशिक शक्ति केन्द्रको प्रभावमा होइन, नेपालको हित अनुरूप विश्वसँगको सम्बन्ध विस्तार र विकास गर्न जरुरी छ। विश्व राजनीति बहुध्रुवीय बन्दै गएको अवस्थामा सन्तुलित कूटनीति, आर्थिक सहकार्य र राष्ट्रिय स्वाधीनताको नीति मजबुत बनाउन आवश्यक हुन्छ। त्यस्तै विश्वभर भइरहेका समाजवादी वाम आन्दोलन र सत्ताहरू सँगको सहकार्य, श्रमिक अधिकार, जलवायु, न्याय र शान्तिको पक्षमा अन्तर्राष्ट्रिय ऐक्यबद्धता पनि आवश्यक रहन्छ।

७. नयाँ वाम आन्दोलनको आधार : विज्ञान र प्रविधिको प्रयोग- आजको विश्वले डिजिटल युगमा प्रवेश गरिसकेको छ। कुनै पनि राजनीतिक आन्दोलन, राज्य व्यवस्था वा अर्थतन्त्र विज्ञान र प्रविधिको प्रयोगबिना अगाडि बढ्न सक्दैन। जसले आजको विज्ञान र प्रविधिलाई सही रूपमा प्रयोग गर्न सक्दछ, उही शक्ति मात्र विजयी हुन्छ। नेपालको वाम आन्दोलनलाई युग सुहाउँदो बनाउन वा विजयी बनाउन विज्ञान र प्रविधिलाई मुख्य आधार बनाउनै पर्दछ। नेपालका राजनीतिक शक्तिहरूले प्रविधिलाई केवल प्रचारको विषय मात्र बुझे, तर यसलाई उत्पादन, शिक्षा, कृषि, स्वास्थ्य, रोजगारी, अवसर र समाज रूपान्तरणमा स्पष्ट रूपमा जोड्न सकेनन्। परिणामतः युवा शक्ति विदेश पलायन हुन पर्यो र देशको उत्पादन प्रणाली कमजोर बन्यो। अबको वाम शक्तिले समाजवादलाई व्यवहारमा लागू गर्न विज्ञान र प्रविधिलाई जीवनसँग जोड्नु पर्दछ। कृषि क्षेत्रमा आधुनिक प्रविधि, सिँचाइ, कृषि अनुसन्धान र कृषि उद्योगको रूपमा जोड्न जरुरी छ। शिक्षा प्रणाली केवल प्रमाणपत्रमुखी होइन, प्रविधिमैत्री र उत्पादनमुखी बनाउन जरुरी छ। सूचना प्रविधिमा कृत्रिम बुद्धिमत्ता (ब्क्ष), डिजिटल अर्थतन्त्र, अनुसन्धान र नवप्रवर्तनमा राज्यले लगानी बढाउनु पर्दछ। युवाहरूलाई विदेश पलायन गर्नुभन्दा देश भित्र नै प्रविधि र उद्यम मार्फत अवसरहरू सिर्जना गर्ने नीति निर्माणमा जोड दिनु पर्दछ। ०००

## भूमि प्रशासन कार्यालय खोटाङको हकदावी गर्न आउने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

खोटाङ जिल्ला साविक खिदिमा गा.बि.स.वडा न.३ भई हाल साकेला गा.पा.-३ स्थायी वतन भएको बल बहादुरको नाती, तखत मानको छोरा प्रकास राईको नाममा दर्ता कायम खोटाङ जिल्ला साविक खिदिमा गा.वि.स.वडा न.३ को कि.न १९७,२९९,३०३ र ३२५ मात्र भएको ज.ध प्रकाश राईको मिति २०६५।०५।२६ मा अविवाहित अवस्थामै मृत्यु भएको निजको बुबा तखत मान राईको पनि मिति २०४१।१२।२१ मा मृत्यु भएको, आमा विष्णु कुमारी राईको मिति २०७५।०१।०२ मा मृत्यु भएको हुनाले साकेला गा.पा.-३ को किटानी सिफारिस तथा नाता प्रमाणित प्रमाणपत्रको आधारमा मृतक ज.ध प्रकाश राईको शेष पछिको नजिकको हकदार एकमात्र भाई प्रताप राई भएको हुनाले माथि उल्लेखित कि.न.को जग्गा मृतक ज.ध.को नामबाट भाई प्रताप राईको एकलैटी नाममा नामसारी गर्नको लागि साकेला गा.पा.३ नं वडा कार्यालय खिदिमाको च.न.२९७ र २९८ मिति २०८३।०१।२३ को नामसारी किटानी सिफारिसको साथै सर्जमिन, मुचुल्का, तिरो रसिद, जग्गाधनी श्रेस्ताको प्रतिलिपी, नाता प्रमाणितको प्रतिलिपि मृत्यु दर्ताको प्रतिलिपी समेत संलग्न राखि साकेला गा.पा.-३ खोटाङ बस्ने प्रताप राईले यस भूमि प्रशासन कार्यालय खोटाङ दिक्तेलमा द.नं. २६२५ मिति २०८३।०१।२५ मा सनाखती माग निवेदन पेश गरेको हुदाँ यो ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यस निवेदन उपर कारवाही हुदाँ तल उल्लेखित कि.न भएको जग्गाको जग्गाधनी प्रकाश राईको मिति २०६५।०५।२६ मा अविवाहित अवस्थामै मृत्य भएकोले तल उल्लेखित कि.न. को जग्गा मृतक ज.ध. को नामबाट भाई प्रताप राईको एकलैटी नाममा नामसारी गरिदिदा अन्य कोहि कसैको हकभोग मेटिने, स्वामित्व पुग्ने भए वा निवेदन अगाडि बढाउन नहुने कुनै कारण, अवस्था, तथ्य, आधार तथा प्रमाणहरु भएमा बाटोको म्याद बाहेक ३५ (पैतिस) दिनभित्र माग दाबी विरोध गर्न यस मालपोत कार्यालय खोटाङ दिक्तेलमा उपस्थित हुनुहोला। अन्यथा, निवेदनको माग दाबि वमोजिम हकदार भाईको एकलैटि नाममा दा.खा.भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | जग्गाधनीको नामथर | जिल्ला | गा.वि.स. | वडा नं | कि.न. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रकाश राई | खोटाङ | खिदिमा | ३ | १९७<br>२९९<br>३०३<br>३२५ | ५-३-०-३<br>१-८-२-३<br>२-८-२-३<br>४-११-२-३ | पा.चा.<br>पा.चा.<br>पा.चा.<br>खे.चा. | उल्लेखित कि.न.को जग्गा सम्बन्धमा अन्य कोहि कसैको तर्फबाट हक दाबी नपरेमा निवेदकको माग बमोजिम हकदार भाईको एकलैटी नाममा नामसारी भई जाने । |

- भूमि प्रशासन अधिकृत

"सुसंस्कृत, संस्थागत र समृद्ध साकेला"

## साकेला गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ, खोटाङ

### उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद विधिबाट शिशाजन्य फोहोर प्रशोधनका लागि मेकानिकल यान्त्रिक उपकरणहरु खरिद गर्ने सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित सूचना-२०८३/०२/०८*

सार्वजनिक खरिद ऐन २०६३, को दफा ८ को उपदफा १ (क) (८), सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) तथा उत्पादक वा अधिकृत विक्रेताद्वारा, निर्धारित दरमा (क्यालग सपिङ) खरिद गर्ने कार्यविधि, २०७४ बमोजिम रू.२५,००,००० (अक्षेरुपि पच्चीस लाख ) सम्मको यान्त्रिक उपकरण क्यालग सपिङ विधिबाट उत्पादक कम्पनी वा सोको आधिकारिक विक्रेताहरुबीच मात्र प्रतिस्पर्धा गराई क्याटलग सपिङ विधिबाट यस कार्यालयको लागि शिशाजन्य फोहोर प्रशोधनका लागि मेकानिकल यान्त्रिक उपकरणहरु खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक उत्पादक, कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरुबाट फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र र आ.व. २०८२/०८३ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि समावेश गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार तोकिएको स्पेसिफिकेशन, गुणस्तर, कम्पनीको मूल्य खुल्ने कागजात र सुविधा सहितको विवरण (क्याटलग/ब्रोसर) समेत संलग्न गरी सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको कार्यालय समयभित्र यस कार्यालयमा निवेदन दर्ता गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुल्ने दिन निवेदन दर्ता गर्न सकिनेछ । खरिद गरिने मेकानिकल यान्त्रिक उपकरणहरुको स्पेसिफिकेशन सम्बन्धी जानकारी यस कार्यालयको वेवसाइट www.sakelamun.gov.np बाट लिन सकिनेछ । थप जानकारीको लागि ९८४२९४१६६४ मा सम्पर्क गर्न सकिनेछ ।

- प्रमुख प्रशासकीय अधिकृत

# काठमाडौंबाट विस्थापित नगरवासीलाई आवास निर्माणमा सहयोग गरिने

*हलेसी टाइम्स सम्वाददाता*
*खोटाङ, ७ जेष्ठ-*

हलेसी तुवाचुङ नगरपालिकाले राजधानी काठमाडौं लगायतका विभिन्न शहरबाट विस्थापित भएका नगरवासीलाई आवास निर्माणमा सहयोग गर्ने भएको छ। सङ्घीय सरकारले काठमाडौं उपत्यका तथा विभिन्न जिल्लाका सुकुमवासी बस्तीमा डोजर चलाएपछि विस्थापित भएका नगरवासीलाई आफ्नै ठाउँमा फर्किएर बसोवास गर्न चाहेको खण्डमा आवास निर्माणका लागि सहयोग गर्ने निर्णय गरेको हो।

नगर कार्यपालिकाको बुधबार बसेको बैठकले आफ्नो गाउँ फर्किन इच्छुक तर, आफ्नो नाममा जग्गा भए पनि बसोवास गर्न आवास नभएका नगरवासीलाई आवास निर्माणमा सहयोग गर्ने निर्णय गरिएको नगरप्रमुख विमला राईले जानकारी दिनुभएको छ। "सङ्घीय सरकारले सुकुमवासी बस्तीसहित देशभरका सरकारी तथा सार्वजनिक जग्गा खाली गराउने अभियान चलाएको छ । सङ्घीय सरकारको यो अभियानमा हाम्रो नगरपालिकाको पूर्ण समर्थन छ", उहाँले भन्नुभयो, "सङ्घीय सरकारले सञ्चालन गरेको सरकारी तथा सार्वजनिक जग्गा खाली गराउने अभियानका क्रममा विस्थापित भएका नगरवासीलाई आफ्नो गाउँमा फर्किएर सम्मानपूर्वक जीवनयापन गर्न नगर आह्वान गरेका छौं । आफ्नो ठाउँमा जग्गा भएको तर, बसोवास गर्न आवास नभएका परिवारलाई नगरपालिकाको तर्फबाट आवास निर्माणमा सहयोग गर्ने निर्णय गरिएको छ।"

नगर कार्यपालिका बैठकले राजधानी काठमाडौं लगायतका विभिन्न शहरका सरकारी तथा सार्वजनिक जग्गा खाली गराउन सङ्घीय सरकारले चलाएको डोजरका कारण विस्थापित भएका नगरवासीको लगत सङ्कलन गर्न नगर उपप्रमुख रमेशकुमार राउतको नेतृत्वमा समितिसमेत गठन गरेको छ । नगरपालिकाले गठन गरेको लगत सङ्कलन समितिले सूचना जारी गरेर आवेदन आव्हान गरेको समयमा आफ्नो ठाउँमा फर्किएर बसोवास गर्न चाहेको खण्डमा पहिचान गरेर उनीहरुलाई स्थायी बसोवासका लागि आवास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग गर्ने निर्णय गरेको हो ।

सरकारको अभियानका क्रममा विस्थापित नगरवासीका लागि आवास निर्माण गर्न एक घरपरिवारलाई रु पाँच लाख नगद उपलब्ध गराउने निर्णय गरिएको नगर प्रवक्ता एवम् वडा नं. ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिनुभएको छ। जिल्लाको दोस्रो ठूलो स्थानीय तह (एघार वडा रहेको) यो नगरपालिकामा जन्मिएर राजनीतिक तथा सामाजिक क्षेत्रमा नाम कमाएका नगरवासीको समेत काठमाडौंको मनोहरा लगायतका सार्वजनिक जग्गामा घर रहेको खुलासा भएको छ।

विश्वप्रसिद्ध त्रिधार्मिकस्थल हलेसी रहेको यो नगरपालिकाको सार्वजनिक जग्गासमेत अतिक्रमणमा परेको पाइएको छ । राजनीतिक दलको संरक्षणका कारण हिन्दु, बौद्ध र किरात धर्मावलम्बीको सङ्गमस्थल हलेसीको अतिक्रमित जग्गा खाली गर्न नसकिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष गजुरमान राईले बताउँदै आउनुभएको छ। गुठी संस्थानले यसअघि हलेसी महादेव मन्दिरको नाममा रहेको जग्गा अतिक्रमणबारे छानबिन प्रक्रिया अघि बढाए पनि अतिक्रमण गरेर निर्माण गरिएका संचरना अहिलेसम्म हटाइएको छैन।

## ढोलझ्याम्टा . . .

साकेला चाड सबैको साझा चाड बन्दै भएको छ।" साकेला उँभौली चाड पूर्वी नेपालको खोटाङ, भोजपुर, धनकुटा, उदयपुर, ओखलढुङ्गा, सोलुखुम्बु, सङ्खुवासभा, सुनसरी, इलाम, पाँचथर, झापा, मोरङलगायत किरात समुदायको बसोबास रहेको ठाउँमा साकेला नाच नाच्दै धुमधामका साथ मनाउने गरिएको छ । अन्नबाली लगाउने समय अर्थात् वैशाखे पूर्णीदेखि उँभौली र अन्न भित्र्याउने बेला अर्थात् मङ्सिरे पूर्णिमादेखि उधौली चाड मनाउने चलन छ।

साकेला चाडको अवसर पारेर पराइघर गएका छोरीचेलीहरु माइतीघर आउने र सुखदुःखका कुरा साटासाट गर्दै आपसमा शुभकामना आदानप्रदान गर्ने चलनसमेत रहेको दिक्तेल रुपकोट मझुवागढी नगरपालिका-११ खार्मीका दिलकुमार राईले जानकारी दिनुभएको छ । यो चाडमा रोजगारी तथा अध्ययनको सिलसिलामा शहरबजारमा बसोवास गर्दै आएका आफन्तहरुसमेत पुर्ख्यौली घर फर्किएर साकेला मनाउने गर्छन्।

हुल (समूह)मा नाचिने साकेला सिली टोलीलाई टोलटोलमा किराती मिष्टान्न परिकारसहित स्वागत तथा सत्कार गर्ने चलनसमेत रहेको छ। साकेला उँभौली र उँधौली चाड किरात राई, लिम्बू, याक्खा र सुनुवार समुदायले मुख्य चाडका रुपमा उँभौली महिना दिन तथा उँधौलीमा १५ दिनसम्म मान्ने गरेका छन्।

**रावावेशी गाउँपालिकाको कार्यालय**
हरमटार, कुभिण्डे खोटाङ
कोशी प्रदेश, नेपाल
**गाउँपालिकाबासीमा अनुरोध**
- व्यक्तिगत घटना दर्ता (जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्ध विच्छेद) समयमै गरौं ।
- गाउँपालिकामा बुझाउनु पर्ने कर समयमै तिरौं ।
- गाउँपालिकाको विकासमा सबैले हातेमालो गरौं ।

**साकेला गाउँपालिकाको कार्यालय**
मात्तिम मानेभञ्ज्याङ, खोटाङ
कोशी प्रदेश, नेपाल
**गाउँपालिकाबासीमा अनुरोध**
- व्यक्तिगत घटना दर्ता (जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्ध विच्छेद) समयमै गरौं ।
- गाउँपालिकामा बुझाउनु पर्ने कर समयमै तिरौं ।
- गाउँपालिकाको विकासमा सबैले हातेमालो गरौं ।

**दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कार्यालय**
याङ्शोलाटार डाँडागाउ, खोटाङ
कोशी प्रदेश, नेपाल
**गाउँपालिकाबासीमा अनुरोध**
- व्यक्तिगत घटना दर्ता (जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्ध विच्छेद) समयमै गरौं ।
- गाउँपालिकामा बुझाउनु पर्ने कर समयमै तिरौं ।
- गाउँपालिकाको विकासमा सबैले हातेमालो गरौं ।

**खोटेहाङ गाउँपालिकाको कार्यालय**
खोटाङबजार, खोटाङ
कोशी प्रदेश, नेपाल
**गाउँपालिकाबासीमा अनुरोध**
- व्यक्तिगत घटना दर्ता (जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्ध विच्छेद) समयमै गरौं ।
- गाउँपालिकामा बुझाउनु पर्ने कर समयमै तिरौं ।
- गाउँपालिकाको विकासमा सबैले हातेमालो गरौं ।

**ऐसेलुखर्क गाउँपालिकाको कार्यालय**
ऐसेलुखर्कबजार, खोटाङ
कोशी प्रदेश, नेपाल
**गाउँपालिकाबासीमा अनुरोध**
- व्यक्तिगत घटना दर्ता (जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्ध विच्छेद) समयमै गरौं ।
- गाउँपालिकामा बुझाउनु पर्ने कर समयमै तिरौं ।
- गाउँपालिकाको विकासमा सबैले हातेमालो गरौं ।

**केपिलासगढी गाउँपालिकाको कार्यालय**
बाक्सिलाबजार, खोटाङ
कोशी प्रदेश, नेपाल
**गाउँपालिकाबासीमा अनुरोध**
- व्यक्तिगत घटना दर्ता (जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्ध विच्छेद) समयमै गरौं ।
- गाउँपालिकामा बुझाउनु पर्ने कर समयमै तिरौं ।
- गाउँपालिकाको विकासमा सबैले हातेमालो गरौं ।

**वराहापोखरी गाउँपालिकाको कार्यालय**
साउनेचउर बाखोरभञ्ज्याङ, खोटाङ
कोशी प्रदेश, नेपाल
**गाउँपालिकाबासीमा अनुरोध**
- व्यक्तिगत घटना दर्ता (जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्ध विच्छेद) समयमै गरौं ।
- गाउँपालिकामा बुझाउनु पर्ने कर समयमै तिरौं ।
- गाउँपालिकाको विकासमा सबैले हातेमालो गरौं ।

**जन्तेढुंगा गाउँपालिकाको कार्यालय**
चिसापानीबजार, खोटाङ
कोशी प्रदेश, नेपाल
**गाउँपालिकाबासीमा अनुरोध**
- व्यक्तिगत घटना दर्ता (जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्ध विच्छेद) समयमै गरौं ।
- गाउँपालिकामा बुझाउनु पर्ने कर समयमै तिरौं ।
- गाउँपालिकाको विकासमा सबैले हातेमालो गरौं ।

# नगरपालिकालाई ‘कफी हब’ बनाउने लक्ष्य



*हलेसी टाईम्स सम्वाददाता*
*खोटाङ, ७ जेष्ठ-*

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका स्थानीय बासिन्दालाई उत्पादन र स्वरोजगारसँग जोड्ने उद्देश्यले ‘उत्पादनमा उपप्रमुख महाअभियान’ कार्यक्रम सुरु गरिएको छ। नगरपालिकाले चालू आर्थिक वर्षका लागि रु एक करोड ५० लाख बजेट विनियोजन गरेर उत्पादनमा उपप्रमुख महाअभियान कार्यक्रम सुरु गरेको हो ।

उत्पादनमा उपप्रमुख महाअभियान कार्यक्रम अन्तरगत कफी खेतीको सम्भावना रहेका वडाहरूको पहिचान गरेर किसानलाई कफीको बिरुवा निःशुल्क वितरण गर्दै प्राविधिक सहयोगसमेत उपलब्ध गराउने गरिएको छ । हरेक वडाका किसानलाई आफ्नै ठाउँमा स्वरोजगार बनाउँदै प्रतिवर्ष दश लाख किलोग्राम प्रशोधित कफी उत्पादन गर्ने लक्ष्यसहित उत्पादनमा उपप्रमुख महाअभियान कार्यक्रम सुरु गरेको हो ।

महाअभियान अन्तरगत यो वर्ष नगरपालिकाभित्र कम्तिमा पनि आठ हेक्टर क्षेत्रफल जमिनमा २८ लाख कफीका बिरुवा रोप्ने तयारी गरिएको नगर उपप्रमुख विशन राईले बताउनुभएको छ । “हाम्रो मुख्य लक्ष्य भनेकै युवा शक्तिलाई गाउँमै रोजगारी दिनु हो । यो महाअभियानले बाँझो जमिनको सदुपयोगसमेत गर्नेछ । स्थानीयको आयआर्जनमा पनि वृद्धि गर्छ । विशेषगरी वैदेशिक रोजगारीमा जाने युवालाई स्वदेशमै स्वरोजगारीको अवसर सिर्जना गर्नु छ”, उहाँले भन्नुभयो, “कफी खेतीलाई व्यवसायिक रूपमा अगाडि बढाएर नगरलाई भविष्यमा ‘कफी हब’को रूपमा विकास गर्ने योजना बनाइएको छ। नगरपालिकाले सुरु गरेको अभियानका कारण परम्परागत रुपमा वर्षौंदेखि कोदो, मकै र धान खेती गर्दै आएका किसानलाई व्यावसायिक कफी खेतीतर्फ आकर्षित भएका छन् ।”

नगरपालिकाले सञ्चालन गरेको उत्पादनमा उपप्रमुख महाअभियानले आफूहरूलाई आत्मनिर्भर बनाउन र आर्थिक अवस्था सुधार्न कोशेढुङ्गा सावित हुने कृषकहरूले विश्वास गरेका छन् । नगरपालिकाले कफीको बिरुवा वितरण गर्नुअघि नै किसानलाई व्यवसायिक कफी खेती सम्बन्धी प्राविधिक ज्ञान प्रदान गरिसकेको छ ।

नगरपालिकाको अभियान अनुसार अहिले कफी रोप्नका लागि किसानहरुले गाउँ-गाउँमा खाल्डा खन्ने काम धमाधम गरिरहेको नगरपालिकाले जनाएको छ । कफी रोप्नका लागि नगरपालिकाभित्रका किसानहरुले देखाएको सक्रियताले उत्पादनमा उपप्रमुख महाअभियान कार्यक्रम सफल हुने सङ्केत देखाएको छ ।

नगरपालिकाले सञ्चालन गरेको उत्पादनमा उपप्रमुख महाअभियान अन्तरगत कफीको बिरुवा उत्पादन गर्ने नर्सरीमा रोजगारीसमेत पाएका छन् । गत वर्षबाट सुरु गरिएको कफी खेती प्रवर्द्धन कार्यक्रम अन्तरगत वडा नं. ६ नेर्पा र वडा नं. १४ बुइपामा कफीको नर्सरी उत्पादन गरिएको छ ।

रोजगारीका लागि शहर वा विदेश जानुपर्ने बाध्यता रहेको अवस्थामा नगरपालिकाले सञ्चालन गरेको उत्पादनमा उपप्रमुख महाअभियानले आफ्नै गाउँमा रोजगारी पाएको नेर्पाकी अञ्जना रिजालले बताउनुभएको छ । जिल्लाको सबैभन्दा ठूलो स्थानीय तह ( पन्ध्र वडा रहेको) यो दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले गत वर्षबाट कफी प्रवर्द्धन कार्यक्रम सुरु गरेको हो ।

नगरपालिकाले सञ्चालन गरेको उत्पादनमा उपप्रमुख महाअभियान कार्यक्रमले बाँझो जमिनलाई हराभरा बनाउने मात्र नभइ स्थानीय अर्थतन्त्रमा समेत ठूलो टेवा पुऱ्याउने नगरप्रमुख राईले बताउनुभएको छ। “जब पाखाहरूमा कफी फल्न थाल्नेछ, तब नगरपालिकाको पहिचान केवल एउटा पहाडी शहरमा मात्र सीमित रहने छैन । यो नगरपालिकालाई कफी हबको रूपमा चिनिनेछ”, उहाँले भन्नुभयो, “जिल्लामा कफीको माग अधिकमात्रामा बढेर गएको छ। कफीमा अहिले वार्षिक रु २० करोडभन्दा बढी पूँजी बाहिर पलायन हुन्छ। अबको केही वर्षभित्रै जिल्लाभरि कफीको मागलाई पूर्ति गर्ने नगरपालिकाको लक्ष्य छ।”

# अतिक्रमित जग्गाको विवरण पेस गर्न प्रशासनको पत्र

*हलेसी टाईम्स सम्वाददाता*
*खोटाङ, ७ जेष्ठ-*

जिल्ला प्रशासन कार्यालय खोटाङले अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको विवरण तीन दिनभित्र प्रशासन कार्यालयमा पेस गर्न स्थानीय तहहरुलाई पत्राचार गरेको छ । जिल्लाका दशवटै स्थानीय तहलाई लिखित रुपमा पत्राचार गर्दै अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाहरूको अद्यावधिकसहितको विवरण पेस गर्न लिखित आग्रह गरेको हो ।

प्रशासन कार्यालयका प्रशासकीय अधिकृत प्रभात ढकालले हस्ताक्षर गर्नुभएको पत्रमा अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाहरू पहिचान गरी उक्त जग्गाहरूको अतिक्रमण हटाउने योजनासमेत संलग्न गर्न स्थानीय तहलाई आग्रह गरिएको छ । स्थानीय तहलाई पठाइएको पत्रमा अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको हार्ड र सफ्ट दुवै कपी प्रशासनमा बुझाउन आग्रह गरिएको छ ।

नेपाल सरकार, गृह मन्त्रालयको २०८३ वैशाख-१६ गतेको निर्देशनको आधारमा उक्त विवरण मागिएको प्रमुख जिल्ला अधिकारी रेखा कँडेलले जानकारी दिनुभएको छ । “अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा राज्यको नाममा ल्याउन सरकारले पहल थालेको छ। जिल्लामा यसका लगत सङ्कलन भइरहेको छ”, उहाँले भन्नुभयो, “लगत सङ्कलनको काम सम्पन्न गरेपछि संरचना भत्काउन थाल्छौं। त्योभन्दा अगाडि सबै नागरिकलाई आफ्नो संरचना हटाउन आग्रह गर्छौं ।”

दश स्थानीय तह रहेको जिल्लामा सबैभन्दा बढी हलेसी तुवाचुङ नगरपालिका र बराहपोखरी गाउँपालिकामा सरकारी जग्गा अतिक्रमण भएको समाचार स्रोतको दाबी छ। हलेसी तुवाचुङ नगरपालिकामा त्रिधार्मिकस्थल हलेसी र बराहपोखरी गाउँपालिकामा बराहतालको जग्गा अतिक्रमण भएको जनाइएको छ । हिन्दु, बौद्ध र किरात धर्मावलम्बीको सङ्गमस्थल हलेसीमा यसअघि पनि अतिक्रमित जग्गा खाली गराउन पहल थालिएको थियो । राजनीतिक दलको संरक्षणका कारण हलेसीको अतिक्रमित जग्गा खाली गर्न नसकिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष गजुरमान राईले बताउँदै आउनुभएको थियो । गुठी संस्थानले यसअघि हलेसी महादेव मन्दिरको नाममा रहेको जग्गा अतिक्रमणबारे छानविन प्रक्रिया अघि बढाए पनि संचरना भने अहिलेसम्म हटाइएको छैन । वि.सं. २०७२ सालमा गुठी संस्थानले हलेसी महादेवको नाममा रहेको जग्गा सरकारी अतिक्रमण गर्ने २९ जना स्थानीयवासीको नाममा म्याद तामेली गरेर पठाउन जिल्ला मालपोत कार्यालय खोटाङलाई पत्राचार गरेको थियो ।

उता, बराहपोखरी गाउँपालिका-१ बराहपोखरीमा पर्ने बराहतालको नाममा रहेको सार्वजनिक जग्गा २७ जना व्यक्तिले अतिक्रमण गरेको बताइएको छ। बराहतालको नाममा रहेको सार्वजनिक जग्गा अतिक्रमण गरेर स्थानीयले बनाएका घरटहरा बराहपोखरी गाउँपालिकाले यसअघि जेसिभि लगाएर भत्काए पनि पुनः सोही ठाउँमा उनीहरुले घरटहरा निर्माण गरेर बसेको समाचार स्रोतले जनाएको छ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं/गराऔं ।

जन्म दर्ता किन गर्ने ?



बालबालिकालाई स्कुल भर्ना गर्न
नागरिकता र पासपोर्ट बनाउन
सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गर्न

साकेला गाउँपालिका
राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण विभाग
सेवा इकाईको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ

तपाई ब्रिटिस आर्मी वा सिङ्गापुर पोलिसमा भर्ति हुन चाहानुहुन्छ ?
यदि चाहानुहुन्छ भने हरेक वर्ष शतप्रतिशत सहभागिहरुलाई उत्तीर्ण गराउन सफल
एम गोर्खा ट्रेनिङ सेन्टर ढोलाहिटी ललितपुरमा भर्ना खुल्यो
सिट सिमित छ चाँडै सम्पर्क गर्नुहोला




व्यक्तिगत घटना दर्ता समयमै गरौं, जरिवानाबाट बचौं ।
जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो। बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क रुपमा अनलाईनबाट नै दर्ता गराऔं।
जन्म, मृत्यु, बसाईसराई, विवाह एवम् सम्बन्ध विच्छेद घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । समयमा नै आफ्नो वडा कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गराऔं।
समयमै घटना दर्ता गराऔं, जरिवाना हुनबाट बचौं ।




साकेला गाउँपालिका
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सेवा इकाईको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ

www.halesitimes.com
हलेसी टाईम्स दैनिक पत्रिका
Halesi Times Daily Paper

हलेसी टाईम्स दैनिकका लागि प्रकाशक /सम्पादकः डिएम चाम्लिङ राई (९८६२८१२८५४), कार्यकारी सम्पादक : राजेन्द्र राई (९८५१२२६५४०) उप-सम्पादक : योगिन राई : (९८४२९०५७९१) कोटेश्वर सम्पर्क कार्यालय प्रतिनिधि : विवश राई (९८१९९५६६४४), प्रकाश राई (९८०४७४३७१८)
वितरक : इनरदेव मलिक (९८६२९७७२२२) प्रधान कार्यालय : रुपाकोट-मझुवागढी नगरपालिका-१, दिक्तेल भवनगैरा खोटाङ
फोन नं. ०३६-४२०७३९, मुद्रण : मनास्लु डेस्कटप दिक्तेलबजार, खोटाङ इ-मेल : news.htdaily@gmail.com, chamlingdm@gmail.com